नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: 290

मिति: २०८२/११/२७

नेपाल संवत् ११४६

विषयः जानकारी सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प.सं. २०८२/०८३, च.नं. ६२५, मिति २०८२/११/२५ को पत्राचार सम्बन्धी पत्र र सोसाथ प्राप्त कार्यसम्पादन मूल्याङ्कन सूचक परिमार्जन गर्न प्रयोग हुने तीन महले फाराम आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

नोटः माग भए बमोजिमको विवरण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको इमेल ठेगाना **changeindicator@gmail.com** मा उपलब्ध गराई दिनुहुन।

११/२६

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः-

श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission


प.सं.: २०८२।८३
च.नं./Ref: ६२५

मितिः २०८२।११।२५
नेपाल संवत ११४५ चिल्लागा षष्ठी

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार,काठमाडौं।

सङ्घीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.:- २५०६
दर्ता मितिः- ११/२६

बिषयः पत्राचार सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा आयोगले वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा स्थानीय तहको कार्यसम्पादनलाई समेत आधार मानि सिफारिस गर्ने गरेको व्यहोरा अवगत नै छ।कार्यसम्पादनमा आधारित मूल्याङ्कन गर्ने प्रयोजनको लागि प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यवधि, २०७८ तर्जुमा गरी प्रदेश सरकारको हकमा ११ वटा सुचकहरु र स्थानीय तहको हकमा १७ वटा सूचकहरु निर्धारण गरी मूल्याङ्कन गर्दै आइरहेको छ।उक्त सूचकहरुलाई अझ बढी बैज्ञानिक, व्यवहारिक,तथ्यपरक,मापनयोग्य र समय सापेक्ष बनाउन हाल कायम रहेका सूचकहरुको परिमार्जन, हेरफेर तथा थपघट गर्ने सन्दर्भमा केही स्थानीय तहबाट मात्र सुझाव तथा पृष्ठपोषण प्राप्त भएको हुदाँ चैत्र ७ गते भित्र केही सुझाव तथा पृष्ठपोषण भएमा यसैसाथ संलग्न ढाँचामा विवरण तयार गरी यस आयोगको ईमेल ठेगाना (changeindicator@gmail.com) मा प्राप्त हुने गरी पठाउने व्यवस्थाका लागि तहाँबाट सबै स्थानीय तहमा पत्राचार गरी समन्वय तथा सहजिकरण गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

२०८२।११।२५

प्रमिला भण्डारी
शाखा अधिकृत


सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं.+९७७-१-४२००५९२, फ्याक्स: +९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel:+977-1-4200592, Fax:+977-1-4200593

# कार्यसम्पादन मूल्याङ्कन सूचक परिमार्जन गर्न प्रयोग हुने तीन महले फाराम

प्रदेश: जिल्ला : स्थानीय तह:

१.विद्यमान सूचकमा गर्नुपर्ने सुधार :

| सू.न | विद्यमान सूचक | परिमार्जन गर्नुपर्ने विषय | परिमार्जन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| १ | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा वा नगरसभामा पेश गरे/नगरेको । | | |
| २ | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आगामी आर्थिक वर्षको राजस्व र् व्ययको अनुमान सम्बन्धित गाउँ सभा वा नगरसभामा पेश गरी असार मसान्तभित्र पारित गरे/नगरेको। | | |
| ३ | स्थानीय तहले घर जग्गा रजिस्ट्रेशन शुल्क,मनोरञ्जन कर तथा विज्ञापन कर वापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको । | | |
| ४ | स्थानीय तहले आगामी आ.व.का लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आ.व. को पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेस गरे/नगरेको । | | |
| ५ | स्थानीय तहले गत आ.वको बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको । | | |
| ६ | स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था ।<br>(क) अनुमानीत राजस्व प्रक्षेपण अनार राजश्व सङ्कलनको अवस्था :<br>(ख) अघिल्लो आर्थिक वर्षको तुलनामा राजश्व सङ्कलनको अवस्था: | | |
| ७ | स्थानीय तहको गत आ. व. को विनियोजित रकम अनुसार खर्चको अवस्था ।<br>(क) कुल विनियोजित रकममा कुल खर्चको प्रतिशत:<br>(ख) कुल विनियोजित पुँजिगत रकमको खर्चको प्रतिशत: | | |
| ८ | गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षणबाट औंल्याएको बेरुजुको अवस्था । | | |

| | | | |
|---|---|---|---|
| ९ | म.ले. नि. का.ले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Subnational Treasury Regulating Application, SUTRA) को प्रयोग स्थानीय तहहरुले पूर्ण रुपमा गरी आवश्यक विवरण प्रविष्ट गरे/नगरेको । | | |
| १० | स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेको । | | |
| ११ | कक्षा १ देखि ८ सम्मको औषत खुद विद्यार्थी भर्ना दर । | | |
| १२ | कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर । | | |
| १३ | सामुदायिक विद्यालयबाट कक्षा १० को परिक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा (GPA)१.६ वा सो भन्दा उच्च ग्रेडसहित उतिर्ण विद्यार्थीको प्रतिशत । | | |
| १४ | आ.व. चार (४) पटक गर्भ जाँच गर्ने महिलाको अनुपात । | | |
| १५ | कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात प्रतिशत। | | |
| १६ | आ.व.पूर्ण खोप (विसिजी, पोलियो,डिपिटि, हेपाटाइटिस,दादुरा रुवेला,जापनिज इन्सेफिलाइटिस,टिडि) सुविधा लिएका २४ महिनासम्म उमेर समूहका बालबालिकाको अनुपात प्रतिशत । | | |
| १७ | आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको | | |

२. विद्यमान सूचकको अतिरिक्त थप गर्नुपर्ने सूचकहरु:

| क.स | थप गर्नुपर्ने सूचक | सूचक थप गर्नुपर्नाका कारण |
|---|---|---|
| | | |

३.विद्यमान सूचकहरु मध्ये हटाउन उपर्युक्त हुने सूचकहरु:

| क.स | हटाउन उपर्युक्त हुने सूचक | हटाउनु पर्नका कारण |
|---|---|---|
| | | |

४. अन्य केही सुझाव तथा पृष्ठपोषण भएमा उल्लेख गर्ने ।